# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. :- २०८०/८१
च.नं.:-१०६२

मिति:- वि.सं.२०८०/१२/२२ गते विहिवार

विषय:- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने **खाद्यान्न बालीको लागि उन्नत बीउ वितरण कार्यक्रम ५० प्रतिशत अनुदान**को लागि *प्रथम पटक प्रकाशित **खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना** (१५ दिने)* त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडावासी *कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड तथा प्राकृतिक प्रकोपले मकै बालीमा हानिनोक्सानी भएका कृषक घरधुरीहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त ***खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना*** *(१५ दिने)* थान १ (एक) यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

..........................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- ३३

**खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग सम्बन्धी सूचना ।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/१२/२२ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने ***खाद्यान्न बालीको लागि उन्नत बीउ वितरण कार्यक्रम ५० प्रतिशत अनुदान***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड तथा प्राकृतिक प्रकोपले मकै बालीमा हानिनोक्सानी भएका कृषक घरधुरीहरु***ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले १५ दिन (वि.सं.२०८१/०१/०६ गते)भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः
खाद्यान्न बाली (मकै)को उन्नत वीउ माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- मकैको उन्नत वीउ माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
- समूह/संस्थाको हकमा मकैको उन्नत वीउ माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

..............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

..............................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोट/पुनश्च:

- *व्यक्तिगत कृषकको हकमा:*
- *मकैको उन्नत वीउ ५-१५ के.जी.,*
- *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा: व्यक्तिगत कृषकको हकमा उल्लेखित मकै उन्नत वीउको अधिकतम् परिमाण (के.जी.) भन्दा बढी माग गर्नुपर्नेछ ।*
- *५० प्रतिशत अनुदानमा मकैको उन्नत वीउ माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रिम जम्मा गर्नुपर्नेछ ।*
- *उल्लेखित मकैको उन्नत वीउ माग सम्बन्धमा निवेदनको फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेवसाईट www.bhumemun.gov.np वाट प्राप्त गर्न सकिनेछ ।*

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत